# मनहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर

बागमती प्रदेश, नेपाल

प.सं.: २०७८/०७९ बैठक ब्यवस्थापन शाखा

च.नं.: २००५

मितिः-२०७८/११/०५

विषयः- निर्णय कार्यान्वयन गर्ने सम्वन्धमा ।

श्री मनहरी गाउँकार्यपालिकाका
सबै शाखा/उपशाखा प्रमुखहरु
वडा कार्यालय/वडा सचिवहरु
मनहरी, मकवानपुर ।

प्रस्तुत विषयमा मिति २०७८ फागुन ०५ गते वसेको गाउँ कार्यपालिका बैठकको निर्णय पाना थान ८ (आठ) यसैसाथ सम्लग्न छ । सो निर्णयानुसार तहाँ संग सम्वन्धित निर्णयहरु हेरी समयमै आवश्यक कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ ।

...............................

मोहनकुमार श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत

मोहन कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०७८ साल फागुन ०५ गते बिहिबार विहान ०८ बजे देखि यस मनहरी गाउँपालिकाको आठौं कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री एकराज उप्रेतीज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थिति सहित वसी देहाय अनुसारको निर्णय गरी सम्पन्न भयो ।

उपस्थिति

| | | |
|---|---|---|
| १. श्री एकराज उप्रेती | गा.पा. अध्यक्ष | अध्यक्ष |
| २. श्री मनिला विष्ट | गा.पा. उपाध्यक्ष | सदस्य |
| ३. श्री आनन्द घलान | २ नं. वडा अध्यक्ष | सदस्य |
| ४. श्री गोपिलाल मोक्तान | ६ न. वडा अध्यक्ष | सदस्य |
| ५. श्री ठाकुरराम तितुङ | ७ नं. वडा अध्यक्ष | सदस्य |
| ६. श्री दिलबहादुर स्याङतान | ८ नंवडा अध्यक्ष. | सदस्य |
| ७. श्री ध्रुव खड्का | ४ नं. वडा अध्यक्ष | सदस्य |
| ८. श्री विष्णु थिङ | ३ नं वडा.बा.का.अध्यक्ष | सदस्य |
| ९. श्री साधुराम अधिकारी | ९ नं. वडा अध्यक्ष | सदस्य |
| १०. श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | सदस्य |
| ११. श्री शुभराज थिङ | ५ नं. वडा अध्यक्ष | सदस्य |
| १२. श्री कृष्ण विडारी | महिला सदस्य | सदस्य |
| १३. श्री पम्फा रोक्का | महिला सदस्य | सदस्य |
| १४. श्री राधादेवी खकुराल पाठक | महिला सदस्य | सदस्य |
| १५. श्री राममाया प्रजा चेपाङ | महिला सदस्य | सदस्य |
| १६. श्री गीता कुमारी प्रजा | दलित अल्पसंख्यक सदस्य/ | सदस्य |
| १७. श्री मोहनकुमार श्रेष्ठ | प्रमुख प्रसाशकिय अधिकृत | सदस्य सचिव |

आमन्त्रित सहयोगी/

१. श्री

निर्णयहरु

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०७८/१०/२१ गते बसेको आठौ गाउँ कार्यपालिका बैठकले गरेका निर्णयहरु कार्यान्वयनको समीक्षा गर्दा अधिकांश निर्णय कार्यान्वयन भइसकेको ढुंगा, गिट्टी, वालुवा ठेक्कामा परेको २०७८-CP-०५९४ मुद्दाको प्रतिरक्षा गर्ने सम्बन्धमा गठित समितिले जुटाउनु पर्ने प्रमाणहरुको तयारी भैरहेको जानकारी प्राप्त भएको र भएका प्रमाणहरुलाई समयमै ब्यवस्थित रुपमा तयार गर्न थप सकृय हुनुपर्ने देखिएको । अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त उजुरीको सम्बन्धमा गठित छानविन समितिले काम गरिरहेको ब्यहोरा बैठकमा जानकारी भयो।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा मनहरी वडा नं. ७ मा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको बजेटबाट १५ शैयाको आधारभूत अस्पताल निर्माणका लागि मिति २०७८ श्रावण २६ मा श्री बुद्ध पुष्पाञ्जली शिवाको जेभिसंग संझौता भई अस्थायी अस्पताल समेतको निर्माण कार्य भइरहेको सन्दर्भमा निज ठेकेदारले सन्तोषजनक रुपमा कार्य अगाडि वढाई रु पैसठ्ठी लाख बराबरको रकमरहेको भएतापनि मन्त्रालयबाट बजेट समयमै प्राप्त हुन नसकेकाले संघीय बजेट निकासा भएपछि सोधभर्ना हुने गरी कार्य प्रगतिका आधारमा गाउँपालिका पुँजिगततर्फ विनियोजित गाउँपालिका केन्द्र भवन निर्माण शिर्षकबाट मोविलाईजेशन र पहिलो रनिङ विलमध्येबाट बढिमा रु पैतीस लाख रकम उपलब्ध गराउने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा मनहरी वडा नं. ३ र सान्नानटार जोड्ने गरी रासी खोलामा निर्माण गरिएको काठेपुलमा रकम विनियोजन गर्न छुट भएकाले प्राविधिकको लागत अनुमान अनुसार हुने गरी विपद ब्यवस्थापन कोषबाट रु. २ लाख विनियोजन गरी नियमानुसर भुक्तानीका लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

एकराज उप्रेती
अध्यक्ष

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

निर्णय प्रमाणीत
प्रमुख प्रशासकीय अधिकृत

४.प्रस्ताव नं. ४ माथि छलफल गर्दा वागमती प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयबाट मिति २०७८ माघ २४ गते प्रकाशित सूचना बमोजिम नव प्रवर्तन साझेदारी कोषसञ्चालन निर्देशिका २०७८ बमोजिम संचालन हुनेगरि गरिब परिवारमा सूचिकृत परिवारलाई लक्षित गरी शैक्षिक विकास तथा आय आर्जन अभिबृद्धि गर्न सीप विकास लगायत कार्यक्रम सञ्चालन गर्न अवधारणा पत्र पेश गर्ने निर्णय गरियो । साथै निर्देशिकाको दफा १६ क अनुरुप गाउँ कार्यपालिकाको कार्यालयका सामाजिक विकास शाखा प्रमुख श्री राजेन्द्र चौलागाईलाई सम्पर्क व्यक्तिको रुपमा तोक्ने कार्यक्रम सञ्चालनको लागि समपुरक रकमको लागि आगामी गाउँसभाबाट बजेट व्यवस्था गर्ने र कार्यक्रम कार्यान्वयनको लागि नवप्रवर्तन साझेदारी कोष कार्यक्रम कार्यान्वयन गर्न सामाजिक विकास समिति जिम्मेवारी दिने र समितिले कार्यक्रमको खाका कार्यपालिका बैठकमा पेश गरी गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा वडा नं. १ मा रहेको चकरी महादेव मन्दिर निर्माण कार्य सम्पन्न गर्न चालु आ.ब.मा विनियोजित बजेट नपुग हुने देखिएकाले प्राविधिकको लागत अनुमान अनुसार हुने गरी निर्माण कार्य सम्पन्न गर्न गाउँपालिका कोष पुँजिगत शिर्षकमा विनियोजित धर्म संस्कृति र मठ मन्दिर निर्माण शिर्षकबाट ब्यहोर्ने गरी रु. ३.५० लाख थप गर्ने निर्णय गरियो।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा आगामी आ.ब.२०७९/०८० का लागि समपुरक कोष र विषेश अनुदानबाट सञ्चालन हुने गरि लागि देहायका योजनाहरु छनौट गरी बागमती प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयमा प्रस्ताव गरी पठाउने निर्णय गरियो ।

क. समपुरक योजना तर्फ

१. लामिटार चकरी मकरी सडक स्तरोन्नती

२. रुपाचुरी फरिवाङ सडक स्तरोन्नती

३. मनहरी गापा २ सडक स्तरोन्नती



एकराज उप्रेती
अध्यक्ष

निर्णय प्रमाणीत
प्रमुख प्रशासकीय अधिकृत

४. शिखर रिसोर्ट पिकनिक पार्क

५. मनहरी वडा नं ८ र ९ सीमाङ्कित सडक स्तरोन्नती

ख. विषेश योजना तर्फ

१. घट्टेखोला खानेपानी योजना मकरी

२. मूलखोला ज्यामिरे डोलबारी तल्लो मसिने खानेपानी योजना

३. निर्मलवस्ती खानेपानी योजना

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा वडा नं. ३ सिद्दकाली कुलोमा गएको पहिरोका कारण करिव १० घर उच्च जोखिममा रहेकाले पहिरो रोकथाम र संरक्षणका लागि विपद ब्यवस्थापन कोषबाट रु. १ लाख प्राविधिकको लागत अनुमान अनुसार विनियोजन गरी रोकथाम तथा संरक्षण गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा प्राविधिक लागत अनुमान बमोजिम वडा नं. १ मकरीमा विद्युत ट्रान्सफरमर तथा विद्युतीकरणको लागि रु तीनलाख, वडा नं. ५ को डिल्लीपुरमा विद्युत लाईन विस्तार र स्तरीकरणका लागि ट्रान्फरमर प्राप्त भएको तर जडान गर्ने बजेट अभावका कारण नसकिएकाले रु. दश लाख, वडा नं. २ लागि रु दुइ लाख, वडा नं. ६ सुनाचुरीमा विद्युत पोल सडकमा परेको हुँदा सडकमा पर्ने पोल अन्यत्र सार्नेको लागि प्राविधिक लागत अनुमान बमोजिम र वडा नं. ७ मा खानेपानी सञ्चालानार्थ विद्युत लाइनको लागि तार तथा विद्युतिय सामग्री व्यवस्थापनको लागि लागत अनुमान बमोजिम पुँजिगत तर्फ गाउँपालिका भित्र रहेका अधुरा विद्धुत योजनाहरुको निरन्तरता शिर्षकबाट ब्यहोर्ने गरी प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा वडा नं. ३ मा रहेको कौगेडी खानेपानी योजना मर्मत गराउनु पर्ने भएकाले गाउँपालिका कोष पुँजिगत तर्फ गाउँपालिका भित्रका खानेपानी योजनाको निरन्तरता शिर्षकबाट ब्यहोर्ने गरी रु. १ लाख प्राविधिकको लागत अनुमान अनुसार कार्य गराउने निर्णय गरियो ।

एकराज उप्रेती

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा वडा नं. ८ मा रहेको बंगलामुखी महिला जागृति वचत तथा ऋण सहकारी संस्थाको आर्थिक स्थिति कमजोर भएकाले वडा कार्यालयको सिफारिस समेतको आधारमा एक थान ल्यापटप, डेक्सटप कम्प्युटर र प्रिन्टर खरिदका लागि माग गरेकाले गाउँपालिका कोष चालू तर्फ सहकारी प्रवर्धन कार्यक्रम संचालन शिर्षकबाट लागत साझेदारीका आधारमा रु. १ लाख उपलब्ध गराउने निर्णय गरियो ।

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा मनहरी गाउँपालिका वडा नं. ६ र ७ मा रहेको कुलो मर्मत हुन नसकेका कारण वर्षे धान लगाउन सकिने जमिनमा सिंचाई अभाव भएका कारण समस्या आएकाले सो कुलो मर्मतका लागि विपद ब्यवस्थापन कोषबाट ब्यहोर्ने गरी रु.५० हजार प्राविधिकको लागत अनुमान अनुसार कार्य गराउने निर्णय गरियो।

१२. प्रस्ताव नं. १२ माथि छलफल गर्दा वडा नं. ७ का वडा सदस्य विगत लामो समय देखि पदिय जिम्मेवारीमा रहि कार्य गर्न नआएकाले कृषि विकास बैक हेटौडा शाखामा निजको नाममा रहेको खाता नं. ०२१२८०१२७१८३४०१५ जम्मा गरिएको सेवा सुविधाको रकम फिर्ता दाखिलाका लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

१३. प्रस्ताव नं. १३ माथि छलफल गर्दा मिति २०७८/०८/१४ को कार्यपालिका बैठकको निर्णयानुसार पशु तथा कृषि शाखाको ल्याब समेत कार्यालय संचालनकालागि कोठा नपुग भएकाले घर/कोठा भाडाका लागि सुचना प्रकाशन गरिएकोमा आयुर्वेद शाखा नयाँ स्थापना गर्नु पर्ने र स्वास्थ शाखामा समेत औषधी भण्डारको निकै समस्या रहेकाले सो विषय समेत समाधान हुने गरी महेन्द्र राजमार्गसंग जोडिएको र सबै सेवाग्राहीलाई पायक पर्ने वाशुदेव पोखरेलको कित्ता नं.९३० र ६८८ मा फ्रेम स्टक्चरको ७ कोठे भवन उपयुक्त देखिएकाले मासिक रु.३००००.००(कर समेत)मा नवढने गरी संझौता गर्ने कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

१४. प्रस्ताव नं १४ माथि छलफल गर्दा लामिटार सडक स्तरीकरण लामिटार चकरी सडकमा पर्खाल लगाइएको र पर्खालसंगैको भागमा फिलिङ नभएको कारण सडक सूचारु गर्न कठिनाई भएको हुँदा सो पर्खाल नलगाएको स्थानमा फिलिङ कार्यको लागि पूँजिगत भैपरी शिर्षकबाट व्यहोर्ने गरी रु दूईलाख उपलब्ध गराउने निर्णय गरियो ।

१५. प्रस्ताव नं १५ माथि छलफल गर्दा मनहरी गाउँपालिका विभिन्न रोगको उपचारको लागि आर्थिक सहायता माग भएकोमा तपसील बमोजिमका आवेदकहरुलाई जनही रु पाँच हजारका दरले आर्थिक सहायता शिर्षकबाट आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो

| सिन | नाम ठेगाना | कारण | सिन | नाम ठेगाना | कारण |
|---|---|---|---|---|---|
| १ | तारा देवी दर्लामी<br>मनहरी ५ | क्यान्सर रोग | १३ | कृष्ण प्र. पाठक<br>मनहरी ३ | क्यान्सर |
| २ | पिन्ची प्रजा<br>मनहरी ७ | आगोले<br>जलेको घाउ | १४ | राधिका मल्ल ठकुरी<br>मनहरी ८ | क्यान्सर |
| ३ | सिता घलान<br>मनहरी ४ | आर्थिक<br>काजकृया | १५ | मन्जित स्याङ्तान<br>मनहरि २ | मुदु रोग |
| ४ | मिना कुमारी मुक्तान<br>मनहरी ४ | सुत्केरी खर्च | १६ | मेघनाथ गुनी<br>मनहरी १ | मुटु रोग |
| ५ | संगिता सुनार<br>मनहरी ९ | क्यान्सर | १७ | बुद्धरत्न स्याङ्तान<br>मनहरी ३ | दुर्घटना |
| ६ | इन्द्र कु. उप्रेती<br>मनहरी १ | मुटु रोग | १८ | प्रतिक गोले<br>मनहरि १ | टि. बि. |
| ७ | विवि माया रुम्बा<br>मनहरी २ | क्यान्सर | १९ | विष्णु हरी पाठक<br>मनहरि १ | खुट्टा<br>भाँचिएको |
| ८ | जगत बहादुर श्रेष्ठ<br>मनहरी ८ | किड्नीमा<br>समस्या | २० | मनमाया मुक्तान<br>मनहरी ८ | क्यान्सर |
| ९ | उज्वल दर्जी<br>मनहरी ७ | मृगौलाको<br>समस्या | २१ | होल्तिमाया राई<br>मनहरी ५ | क्यान्सर |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | सोनु रुम्बा मनहरि ५ | क्यान्सर | २२ | माइतै सि. स्याङ्तान मनरि २ | ट्युमर |
| ११ | बुधी राई मनहरी ३ | क्यान्सर | २३ | टेक बा. गुरुङ्ग मनहरी ३ | क्यान्सर |
| १२ | बादुली सुनार मनहरी ३ | छातीमा समस्या | २४ | राज कुमार बुलुन मनहरी २ | जन्डिस |

१६. प्रस्ताव नं १६ माथि छलफल गर्दा वडा न ७ को तल्लो रमनटार सिन्चाइ योजना सञ्चालनको लागि रु १७५०००। रकम लागत लाग्ने गरी आवेदन पेश भएको हुँदा लागत साझेदारीका योजनाहरुमा लगानी (६०\४०) शिर्षकको बजेटबाट गाउँपालिकाले ६० प्रतिशत ले हुन आउने १०५०००। व्यहोर्ने बाँकी रकम उपभोक्ता समितिले गाउँपालिकाको नाममा जम्मा गरी कार्यान्वयन गर्न गाउँपालिकालाई निर्देशन दिने निर्णय गरियो।

१७ प्रस्ताव नं १७ माथि छलफल गर्दा दशौ गाउँसभाले महेन्द्र किरण माध्यमिक विद्यालयको वि.वि.एस.सि. एजि. शिर्षकमा बजेट विनियोजन गरेकोमा सो विद्यालयमा त्यस्तो कक्षा वि.एस.सि. एजि. कक्षा सञ्चालन नभएको हुँदा सो शिर्षक संशोधन गरी महेन्द्र किरण माध्यमिक विद्यालयको आइ.एस.सि. एजि. शिर्षक कायम गर्ने निर्णय गरियो।

सर्वसम्मत रुपमा पारित गरि बैठक सम्पन्न गरियो ।

एकराज उप्रेती
अध्यक्ष